# मिसन न्यूज

www.missionenews.com

ISSION News National Weekly राष्ट्रिय साप्ताहिक



घरेलु हिंशाको जघन्य प्रकार, सवै मिली गरौँ यसको प्रतिकार

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



वर्ष-३ | अंक-४२ | २०७६ वैशाख २५ गते बुधबार | 8 May 2019 Wednesday | मूल्य रू. १०/-


## घन सब्बल बजाएर सडक पुर्‍याउछौँ

**मिसन न्यूज**

**कालिकोट**-जिल्लाको शुभकालिका गाउँपालिकामा गाडी पुने सपनामा स्थानीय वासिन्दा मरीमेटि काम गर्नन थालेका छन्। सरर मोटर गाढि चढेर घरको आगन अगाढि झर्ने आजको सपना होइन ५१ वर्षिय सुकिलि विकको। वल्ल उनको सपना अहिले पुरा हुन थालेको छ। मोटर गाढि चढेर आफनो घरको आगन आगाढि ओलर्ने सपनालाई उनले साकार पार्न दिनरात काममा खटिएकि छन। २०६३ सालदेखि कालिकोटको सदरमुकाम मान्म हुदै कर्णाली राजमार्गमा मोटर गाडि चलेको उनको घरवाट दुरुस्तै देखिन्थ्यो। उक्त दृश्य हेर्दा उनलाई डाढि चढ्न अझ आतुर हुन्थ्यो। पहिला दिखिएको एउटा सपना पुरा हुन लागेको छ, 'उनले भनिनि,' त्यैसैले घन सब्बल वजाउन थालेकि छौँ। घरको आगनमै सडक पुग्यो भने मोटर डाढि चढेर घरको आगनमै आर्लन्छु। घरकै अगाढि डाढि वाट आर्लर्ने ठुलो सपना भएको उनले बताईन। सपना पुरा नहुदै मरिन्छकि भन्ने चिन्ता लागेको थियो,' उनले भनिन,' अहिले गाँउमै सडक पुराउने भनेपछि खुसि लाग्यो,सुकिलि मात्र होइनन् घरकै



मोटर गाडि चढ्ने सपना साकार पार्न सडक निर्माणमा घन सब्बल वजाउदै जागरुप महिला।

आगनमा गाडि चढेर ओर्लर्ने सोहि निवासि धनकला रोकायाको रहर पनि छ। श्रीमान रोजगारिको शिलशिलामा भारत छन। धना हातमा सव्बल समाएर वाटो निर्माणमा जुटेकि छन। अरुकोलागि हैन आफ्नै लागि काम गर्दा पैसा चाहिदैन,'उनले भनिन,' विहान वेलुका खाना खान पाए पुग्छ।' गाँउपालिकाले सडकले छोएको छैन,'उनले भनिन,'मोटर गाडि गाएमै आए खुसि हुने थियौ। जिल्लाको विकट मानिएको शुभकालिका गाँउपालिका भौगोलिक हिसावले निकै ठुलो भएपनि विकासमा सवैभन्दा पछाडि छ। सडकमा मात्र हैन शिक्षा, स्वास्थ्य, रोजगारर सडक सञ्जालवाट समेत बञ्चित छ। यँहाका स्थानियले सामाजिक कामलाई व्यक्तिको

**बाँकी ८ पृष्ठमा..**

## सुत्केरी हुन नसकेकी स्वस्तिकाको हेलिकोप्टरबाट उद्दार

**मिसन न्यूज**

**कालिकोट** - कालिकोटको शान्नि त्रिवेणि गाँउपालिका डाडाखेतमा सुत्केरी हुन नसकेर थलिएकी १८ वर्षीया स्वस्तिका वमलाई उपचारका लागि नेपालि सेनाको हेलिकप्टर मार्फत उद्धार गरिएको छ। कर्णाली प्रदेश सरकारका मुख्यमन्त्रीका प्रमुख स्वकीय सचिव खेमबहादुर सिंहको पहलमा बमलाई उद्धार गरिएको हो। तीन दिनदेखि सुत्केरी व्यथा लागेकोले स्थानीय स्वास्थ्य चौकीमा उपचार हुन नसकेपछि नेपाली सेनाको हेलिकोप्टर सुर्खेत लगिएको शान्नी त्रिवेणी गाउँपालिका निमित्त प्रमुख प्रशासकीय अधिकृत नेत्रबहादुर शाहीले बताए। 'सुत्केरी व्यथा लागेको तीन दिनसम्म



शान्नी त्रिवेणी गाउँपालिका डाडाखेतकी सुत्केरीको हेलिकोप्टरद्धारा उद्दार गर्दै।

सुत्केरी हुन नसकेपछि थप उपचारका लागि सुर्खेत लगिएको छ,' उनले भने, 'बच्चाको टाउको पाठेघरमा अड्किएका कारणले यहाँ उनको सुत्केरी हुने सम्भावना निकै कम थियो।' प्रमुख सिंहले हेलिकप्टरमा लाग्ने खर्च प्रदेश सरकारले व्यहोर्ने प्रतिबद्धता समेत जनाए। ३ दिन सम्म सुत्केरी हुन नसकेर हेलिकोप्टर मार्फत उद्धार गर्नु परेको आफन्तले बताएका छन्। कर्णालीका विकट जिल्लामा सुविधासम्पन्न स्वास्थ्य संस्था नहुँदा सुरक्षित प्रसुति अभावमा महिलाहरूले ज्यान नै गुमाउनुपर्ने अवस्था छ। यो समस्या अन्त्य गर्न कर्णाली सरकारले हेलिकोप्टर चार्टरको व्यवस्था गरिरहेको छ।

## आर्थिक अभावमा बन्द हुँदै लक्ष्मी मावि

**मिसन न्यूज**

**डोल्पा** - हाल जिल्लाको ठुलीभेरी नगर पालिका( ६ मा रहेको लक्ष्मी माध्यामिक विद्यालय स्रोत अभावकै कारण बन्द हुने अवस्थामा पुगेको छ। २०६६ सालमा पहिलो पटक निजी स्रोतबाट माध्यामिक विद्यालय बनाएर सञ्चालन गरेको उक्त विद्यालय आर्थिक अभावका कारण बन्द हुने अवस्थामा पुगेको हो। विगत लामो समयदेखि डोल्पा जिल्लामा समुदायकै स्रोतबाट विद्यालय सञ्चालनमा रहेका छन्। प्रतिस्प्रधाको होडबाजी गरी जिल्लामा आधारभुतदेखि माध्यामिक विद्यालयसम्म समुदायले नै निजी स्रोत व्यवस्थापन गरेर सञ्चालन गरिरहेका छन्। आर्थिक अभावकै कारण वर्षौदेखिको तलब समेत नपाएको



माविका निजी शिक्षक गोबिन्द बुढाले दुखेसो सुनाए। उनले भने,' तल्लो कक्षादेखि कक्षा दशसम्म करिब २ सय विद्यार्थी अध्ययनरत छन्। सदरमुकाम दुनैबाट एक दिनको दूरीमा पर्ने लक्ष्मी माध्यामिक विद्यालयमा हरेक वर्ष विद्यार्थी थपिदै गएपनि समुदायले आर्थिक व्यवस्थापन गर्न नसक्दा विद्यालय बन्द हुने अवस्थामा पुगेको हो।' समुदायको आर्थिक संकलनको मुख्य स्रोत नै यार्सागुम्बु रहेको र पछिल्ला वर्षमा यार्सागुम्बाको शुल्कमा समेत ह्रास आएपछि विद्यालय बन्द हुने अवस्थामा पुगेको हो। समुदायले हरेक वर्षमा माध्यामिक तहमा पढाउने शिक्षकलाई ५० लाखसम्म व्यहोर्न नसक्ने र दर बन्दीको व्यवस्था नगरे यसै आर्थिक वर्षमा विद्यालय बन्द हुने प्रधानाध्यापक गगन बुढाले बताए। २०६८ सालमा यो विद्यालयबाट पहिलो पटक एसएलसी

**बाँकी ४ पृष्ठमा..**

# समृद्ध नेपालका लागि सडक सुरक्षा

गोविन्द भट्टराई

यही मे ६ देखि १२ सम्म संसारमै Fifth UN Global Road Safety Week मनाइँदै छ। संयुक्त राष्ट्रसंघको आह्वानमा यो week सन् २००७ मा पहिलोपटक मनाइएको थियो भने सन् २०१३ मा दोस्रो, सन् २०१५ मा तेस्रो र सन् २०१७ मा चौथोपटक। आज सडक सुरक्षा विश्वकै प्राथमिकता प्राप्त एजेण्डा बनेको छ। अहिले पनि आधारभूत सडक यातायात नै विकासको पहिलो पूर्वाधार हो भने सुरक्षित सडक र सवारी पनि मानवीय सर्त हो।

सन् २००२ देखि हो सडक दुर्घटनाबारे विश्व समुदायले अलिक संगठित प्रयास थालेको छ। त्यसभन्दा अघि पनि सुरक्षित सडक र सवारीको लागि एकल प्रयासहरू भने भएकै थिए। २००२ पछि भने एकैपटक विश्व समुदाय नै चकित पार्ने रिपोर्टहरू आउन थाले कि सडक दुर्घटना एउटा भयावह समस्या बनिसकेको पो रहेछ। सडक दुर्घटनाबाट पर्ने मुख्ख्य असर सामान्यतया सडक दुर्घनाका कारण बर्सेनि लाखौँको अकालमै मृत्यु, अर्बौं डलरको आर्थिक क्षति, उत्पादकत्वमा ह्रास, सामाजिकर पारिवारिक असन्तुलन, गरिबीको चक्रमा पीडित परिवार, विभिन्न मनोवैज्ञानिक असरहरू, पर्यटन प्रवर्धनमा मुख्य चुनौती, महँगी र बेरोजगारी, विदशी मुद्रामा भारी गिरावट आदि जस्ता मुख्ख्य असरहरू देखिन्छन्। त्यस समयमै सडक दुर्घटना अकाल मृत्युको आठौं कारण हो विश्वमा भन्ने ठहर भो। जुन सन् २०३० मा तेस्रो कारण बन्ने खतरा रहेको छ। कुनै दिन त्यो विश्वकै पहिलो अकाल मृत्युको कारण बन्ने अवस्था नआउला भन्न सकिन्न। तर नेपालमा भने सन् २०३० कुर्नुपर्ने छैन किनकि आजै अकाल मृत्युको पहिलो कारण हो सडक दुर्घटना, जसलाई केही मात्र प्रयत्न गरे न्यूनीकरण गर्न सकिन्छ। सन् २००९ मा पहिलोपटक विश्वकै मन्त्रीस्तरीयसहित मिटिङ भयो रसियाको मस्कोमा, जुन मिटिङ विश्वकै सडक सुरक्षको लागि एउटा कोसेढुंगा बन्न सक्यो।

त्यसकै परिणाम होला त्यही बेसमा टेकेर सन् २००९ मा संयुक्त राष्ट्रसंघले सन् २०११-२०२० लाई सडक सुरक्षा दशक घोषणा गऱ्यो र त्यतिबेला दैनिक ३५ सयको हाराहारीमा अनुमान गरिएको दुर्घटनाको मृत्यु संख्या आधा घटाउने निर्णय गर्‍यो। साथै संसारका सबै सरकारसँग आह्वान गर्यो कि त्यसको लागि Convention को अनुमोदन, राष्ट्रिय ऐन/कानुन र कार्यक्रम, समुदाय परिचालन र नेट्वर्किङ्ग अर्थात् सामुहिक प्रयासको लागि जनसहभागिता। विश्वका धेरै देशहरूले ति कार्य गरे तर दुर्भाग्य मेरो सरकारलाई त्यसले छुँदै छोएन। अझ भनौं बर्सेनि हजारौंको संख्यामा भएको अकाल मृत्युप्रति मेरो सरकार आजसम्म गम्भीर भएको महसुस गर्न सकिएको छैन। अब केही सकारात्मक कार्य होला कि भन्ने आशा मात्र हो, विश्वास भने छैन, किनकि टालटुले एक्सन प्लान (Nepal Road Safety Action Plan 2013-2020) ल्यायो सरकारले सन २०१३ मा, त्यो आज कुन हालतमा छ, ल्याउनेलाई नै पत्तो छैन भने भोग्नेलाई के थाहा। **सडक दुर्घटनाबाट अकाल मृत्यु भएको संख्या र देश सन्** २०१८, भारत –१ लाख ४० हजार, अमेरिका – ४० हजार थाइल्याण्ड – २४ हजार, रसिया – १५ हजार, श्रीलंका – २,३६८, जमैका – २९९, नेपाल – ३,००० को हाराहारी प्रत्येक लाख जनसंख्यामा दुर्घटनाबाट मृत्यु हुने दर थाइल्याण्डमा ३६ जना, मलावीमा ३५ जना र लाइबेरियामा ३३ जना रहेको देखिन्छ। यसलाई हेर्दा त हामीले थोरै मात्र सामूहिक पहल गर्‍यौं भने र सरकार त्यसमा थोरै मात्र गम्भीर भए निकै सुधार गर्न सकिन्थ्यो। किनकि त्यो संख्या नेपालमा १० जनाको हाराहारीमा देखिन्छ भलै त्यसको आधिकारिकता प्रति नेपाल सरकार र विश्व स्वाथ्य संगठनलगायत निकायहरूको आ-आफ्नै तथ्य र तर्कहरू छ। विश्वका २०० (लगभग) देशमध्ये स्विडेन र नर्वेले ५० प्रतिशत होइन शून्यमै झार्ने प्रतिबद्ता गरेका छन्। त्यसले बुझ्न सकिन्छ कि गरे हुने रहेछ नि! सन् २०१२ मा UN ले गरिब तथा कमजोर संरचना भएका मुलुकमा ३५ प्रतिशतसम्म घटाउनुपर्ने पुनः निर्णय गर्‍यो, भनौं कि सरकारलाई छुट दियो।

५० प्रतिशत र ३५ प्रतिशतसम्म पुगेको UN अभियान आज कहाँ पुग्यो र कहाँ चुक्यो ? उत्तर कसैसित छैन भने नेपालमा र झन् हाम्रा हाकिमहरूलाई हाइसन्चो हुने भइहाल्या। किनकि आज ३५०० भनिएको संख्या ३६९८ पुग्यो भनिएको छ भने नेपालमा १४ सयको हाराहारीमा संख्या बढेर झन्डै लगभग दोब्बर पुगेको छ। त्यही अनुपातमा घाइते, अंगभंग र आर्थिक क्षतिको छ। नेपालमा UN Special Envoy for Road Safety Mr. Jean Todt को पहिलो भिजिट सन् २०१२ मार्फत नेपाल अटोमोवाइल्स एसोसिएसन (NASA) को पहलमा सडक सुरक्षा अभियानले देशव्यापी आकार ग्रहण गरेको हो। आज नेपालका दर्जनौं संघ संगठन समेत रोड सेफ्टीको क्षेत्रमा संलग्न छन्। सन् २०१३ मा दोस्रो UN Global Road Safety Week पहिलोपटक नेपालमा मनाइन सुरु गरिएको हो नासा नेपाल लगायतका संघसंस्थाले। त्यस्तै, तेस्रो र चौंथो पनि मनाउदै अहिले हामि पाचौं UN Global Road Safety Week मनाउने चरणमा छौं। विकको नारा समेत फरक राखिएको थियो। पहिलो विक (2007) Youth Road Safety, दोस्रो विक (2103) Pedestrian Safety, तेस्रो विक (2015) Save Kids Lives ,चौथो विक (2017) Slow Down र यस पटकको मुख्य थिम Speak Up (Leadership) राखिएको छ र विश्वभरका सरकारी र नागरिक दुवै स्तरमा यो अभियान मनाइँदै छ। विकास र प्रविधिसँगै नयाँ समस्या र चुनौती पनि थपिएकै छन्। दुनियाँमा गाडीको विकाससँगै त्यसको दुर्घटनाबाट हुने हानि नोक्सानीबारे कमै सोचिएको थियो होला सायद। तर, विश्वले जति नै चमत्कार गरे पनि सडक र सवारी भने आज पनि झन् असुरक्षित बन्दै गएको छ। त्यसको एकमात्र उपाय भनेका हामी स्वयम्को सचेतना, पूर्वाधार, प्रविधि र पूर्ण ऐन कानुन र सफल कार्यान्वयन हुन्। तसर्थ, यस्ता दिवसमै सहि त्यस तर्फ सरकारी ध्यानाकर्षण गर्नु पनि हाम्रो दायित्व हो। यस पटक नेतृत्व विकासको थिममा यो विक मनाइँदै छ। किन पनि होला भने UN Decade को अन्तिम वर्षमा छौं हामी। एक दशकका यस क्षेत्रका नेतृत्वकर्ताको पहिचान गर्नु पनि जरुरी छ।

त्यस्तै, आगामी वर्ष स्विडेनमा हुने Un मन्त्रिस्तरिय सम्मेलनको लागि राष्ट्रिय कार्यक्रम, रिपोर्टिङ्ग र प्रतिवद्धता समेत प्रस्तुत गर्नु छ। त्यस्तै आगामी दशकको लागि रणनीतिक योजना समेत तयार गर्नु पर्ने कारणले पनि यसपटकको Road Safety Week को विशेष महत्व छ। आज रोडमा 'स्टार रेटिड' सुरु भएको छ विश्वभर, नेपालमा पनि हामी सुरक्षित सडकको आसमा छौं। गाडी सुरक्षित पार्नको लागि Global Ncap p जस्तो निकाय कार्यरत छ भनेँederation Internationale de lÚ Automobile -FIA_ को विश्वव्यापी नेतृत्व , नेटवर्किङ र निरन्तरता छ सडक सुरक्षामा। जस्तो कि : १. सडक सुरक्षा काउन्सिल गठन २. सान्दर्भिक ऐन कानुन निर्माण ३. संगठनिक, प्रशासनिक संरचनाको विकास ४. विभिन्न पूर्वाधारको निर्माण ५. प्रविधिको विकास र प्रयोग ६, दक्ष र इमान्दार कर्मचारीतन्त्र ७. अन्तरसरकारी समन्वय ८. आवश्यक बजेटको विनियोजन ९. स्टेकहोल्डर्स बीचको सहकार्य अन्तमा ग्ल सफल होस् या असफल, हामीले नेपाललाई साच्चिकै सफल बनाउने हो भने सुरक्षित र दिगो यातायात प्रणालीको विकास गर्नैपर्छ। त्यसले मात्र हाम्रो समृद्ध नेपालको सपनालाई साकार बनाउने छ। थाहाखबरबाट

## साताको भाग्यफल

**मेष** : अरूको भर पर्दा लक्ष्यमा पुग्न समस्या पर्नेछ। आफन्तको सहयोग जुट्नाले चिताएको काम भने सहज रूपले बन्नेछ। अध्ययनमा विशेष प्रगति हुनेछ।

**वृष** : सोखले खर्च निम्त्याए पनि इच्छाशक्ति बढ्नाले लक्ष्य प्राप्त गर्ने साहस जुट्नेछ। सरल जीवनशैलीले धेरैलाई प्रभावित पार्न सकिनेछ।

**मिथुन** : बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ। मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ।

**कर्कट** : आफन्तहरू नजिकिनाले मन प्रफुल्ल हुनेछ। इच्छाशक्तिले लक्ष्यमा पुर्याउनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ।

**सिंह** : प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला। तापनि रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ।

**कन्या : प्रारम्भमा आम्दानीको क्षेत्र फराकिलो भए पनि प्रतिस्पर्धाले खर्च बढाउनेछ। आ ̂ नो श्रमबाट अरूले फाइदा उठाउन सक्छन्।**

**तुला** : प्रारम्भमा केही विवादास्पद काममा जुट्नुपरे पनि दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ। मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ।

**वृश्चिक**: प्रारम्भमा केही चुनौती देखिए पनि सामाजिक क्षेत्रबाट हौसला प्राप्त हुनेछ पहिलेको उपलब्धिले उत्साह जगाउनेछ।

**धनु** : प्रारम्भमा अस्वस्थताका बाबजुद कामको बोझ बढ्नेछ। अप्ठ्यारा परि स्थितिसँग सम्झौता गर्नुपर्ने हुन सक्छ।

**मकर** : प्रारम्भमा रमाइलो यात्रा हुन सक्छ। प्रियभेट हुनाले मनमा आनन्द मिल्नेछ। विभिन्न अवसर प्राप्त हुनेछन्।

**कुम्भ** : स्वास्थ्यचिन्ताले सताए पनि साता फलदायी नै रहनेछ। मिहिनेत गर्दा राम्रै उपलब्धि हातपार्न सकिनेछ। व्यापार र उद्योगमा फाइदा हुनेछ।

**मीन** : काममा केही अवरोध देखिए पनि पहिलेको उपलब्धिले उत्साह जगाउनेछ। अध्ययनमा सफलता प्राप्त हुनेछ भने नयाँ कार्य थालनी हुन सक्छ।

# रास्कोटमा सामाजिक सुरक्षा भत्ता ६ महिनादेखि भएन वितरण

**मिसन न्यूज**

**कालिकोट** - जिल्लाको रास्कोट नगरपालिकाले ६ महिना यता सामाजिक सुरक्षा भता वितरण गर्न सकिरहेको छैन । नगरपालिकाले सामाजिक सुरक्षा भत्ता बैंकमार्फत भुक्तानी गर्ने व्यवस्था गरेपछि, समयमै खाता नखोलिनु, कर्मचारी अभाव, वडा सचिव बिहिन हुनुले समयमै भता वितरण गर्न नसकिएको बताएको छ । 'सामाजिक सुरक्षा भत्ता बैंक खातामा राख्ने नियम रहेकाले खाता खोल्ने क्रम चलिरहेको छ', रास्कोट नगरपालिका प्रमेख प्रशासकिय अधिकृत्र जवान सिंह बमले भने । अपाङगता, एकल महिला, बाल पोषण र जेष्ट नागरिकले पाउने सामाजिक सुरक्षा भत्ता बैंकले वडा वडामा गएर समयमै नखोलेका कारण यो समस्या आएको उनले बताए । अहिले ८० प्रतिशतले बैंकमाखाता खोलि सकेका छन् । 'जेठको पहिलो साता सम्म सबैले खाता नखोल्न सकिएन भने, दुर्व चौमासिकको रकम एक पटक दिन्छौं', प्रमुख प्रशासकिय अधिकृत्र बमले भने । बैंकले समयमै खाता नखोलि दिंदा समस्या आएको नगरपालिकाको भनाई छ । नेपाल राष्ट्र बैंकले हरेक स्थानिय तहमा एक एक वटा बैंक जान निर्देशन गरेपनि बैंक ढिला जानु, तथ्याङक संकलनमा धेरै समय लागाएका कारण समस्या भएको जनप्रतिनिधिको गुनासो छ । मुख्य समस्या त बैंकमा नगरमा आउने भएकाले हामीले बैंक मार्फत सामाजिक सुरक्षा भत्ता बैंक खातामा राख्ने नियम बनाइसके पछि फेरि हातैमा वितरण गर्दा समस्या हुने भएका कारणले ढिलाई हुनु पुगेको बताए । वृद्धवृद्धाहरुले भने समयमै भता नपाएपछि सामाजिक सुरक्षा भत्ता बाध्यता छ । रकम घरघरै सम्म दिने व्यावस्था गरिदिन जेष्ठ नागरिक पदमनाथ योगिले अनुरोध गरे । नगरपालिकाको कार्यायमा भत्ता लिन हिंडेर आउन वृद्धवृद्धाहरुलाई समस्या हुने भएकाले घरमै भत्ता दिने व्यवस्थ गर्न पदमनाथ मात्र होइनन्, यहाँका धेरै जसो




सेवाग्रहिहरुले समयमै खाता नखोल्नाले समस्या आएको नगर प्रमुख काशि चन्द्रवरालले बताए । उनले भने, 'परिचय पत्रका आधारमा हातैमा पैसा दिने चलनले रकमको दुरुपयोग भई परिवारमा कलह उत्पन्न हुने गुनासो वापतको रकम नपाइने हो कि भन्ने गुनासो गर्न थालेका छन् । जनप्रतिनिधिहरुले चुनावका बेला घर घरैपुगेर भर्ता वितरण गर्ने आश्वासन दिए पनि अहिले बैंकसम्म पुग्नु पर्ने जेष्ठ नागरिकको भनाई छ । 'एक हजार ६ सय मात्र भत्ता आउँछ तर, बैंकले एक हजार खाता खोले वापतको लिन्छ त्यही भएर खाता नखोलेको', रास्कोट २

बाँकी ८पृष्ठमा....


## सम्पुर्णमा हाम्रो अनुरोध

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालीकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुवाौँ ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔँ ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## आर्थिक अभावमा बन्द......................

दिएको हो । विद्यालयबाट हालसम्म १ सय भन्दा बढी विद्यार्थीले एसएलसी उत्तिर्ण गरेका छन् । समुदायकै स्रोतबाट माध्यामिक तह पढाउने ३ जना र निम्न माध्यामिकमा अध्ययन गराउने ३ जना गरी ६ जना शिक्षकले हाल अध्यापन गराइरहेका छन् । यार्सागुम्बाबाट विद्यालय धान्न नसक्ने अवस्थामा पुगेपछि स्थानीय सरकारले नै दरबन्दीको व्यवस्था गरी संचालन गर्ने वडा अध्यक्ष धर्मलाल बुढाले प्रतिबद्धताले बताए । जिल्लामा ९७ वटा आधारभुत विद्यालय र १६ वटा माध्यामिक विद्यालय सञ्चालनमा छन् । माध्यामिक तहमा शिक्षकको दरबन्दी ८० जना भएपनि ४० जना मात्रै शिक्षक रहेकाले पनि लक्ष्मी माध्यामिक विद्यालयलाई शिक्षक दरबन्दी दिन नसकिएको शिक्षा विकास तथा समन्वय इकाइ डोल्पाले जानकारी दिएको छ । निरन्तर माथिल्लो निकायमा माग भैरहँदा पनि शिक्षकको दरबन्दी स्वीकृत नभएको र समुदायले निजी स्रोतबाटै शिक्षक राख्ने गरेको हुँदा शिक्षकको पद भनेअनुसार दिन नसकेको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख सिंहराज डाँगीले जानकारी दिए ।

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु । २. साझँ पख सधैं ज्वरो आउनु । ३. खाना खान मन नलाग्नु । ४. तौल(वजन) घट्नु । ५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

**शुभकालिका गाउँपालिका कार्यालय**
**कालिकोट**

## प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

**पलाँता गाउँपालिका कार्यालय**
**कालिकोट**


व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

# स्वास्थ्य

## आयतित औंलोका बिरामी बढ्दै

निवारणमा चुनौती मानिएको औलो रोग (मलेरिया) स्थानीय भन्दा आयतित बढी भएको तथ्यांक पाइएको छ । नेपाल सरकार राष्ट्रिय इपिडियोमोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार गत आर्थिक वर्षमा पत्ता लागेका ११ सय ८७ जना मध्ये ६ सय ३० जना विदेशबाट आउने छन् । अघिल्लो आर्थिक वर्षमा ११ सय २८ जना मध्येमा ६ सय ३६ जना आयतित छन् । तथ्यांकअनुसार अघिल्लो आर्थिक वर्षदेखि यता आयतित औलो रोग बढी देखिन थालेको हो । चालू आर्थिक वर्षको ९ महिनाभित्र ८ सय २० जना औलोका बिरामी पाइएको तथ्यांक छ । यसको विस्तारित तथ्यांक नआइपुगेको महाशाखाले जनाएको छ । चिकित्सकका अनुसार एनोफोलिज जातको पोथी लामखुट्टेको टोकाइबाट हुने सरुवा रोग हो । त्यही संक्रमित लामखुट्टेले अन्य व्यक्तिलाई टोकेमा औलो (मलेरिया) सर्छ । स्थानीय रुपमा औलो रोग सार्ने लामखुट्टे नभए पनि समुदायमा बिरामीमा औलो रोग भएमा वा त्यो बिरामी आफ्नो घर छोडी टाढा जाँदाको अवस्थामा संक्रमण भएर आएको अवस्थालाई आयतित औलो भनिन्छ ।सरकारले तीन वर्षभित्र नेपालबाट औलोलाई शून्यमा पुऱ्याउने र सन् २०२५ मा औलो निवारण घोषणा गर्ने लक्ष्य लिएको छ । निजी



स्वास्थ्य संस्थाले गत वर्ष ५८ जना औलो बिरामीको उपचार गरेको तथ्यांक छ । तथ्यांकअनुसार विश्वका ७० प्रतिशत जनसंख्या औलो प्रभावित क्षेत्रमा बस्छन् र पाँच वर्ष मुनिका बालबालिकालाई औलोको कारण बढी मृत्यु हुने गरेको पाइएको छ । आर्थिक वर्ष २०७४/०७५ का अनुसार नेपालभर १० जिल्लाहरुमा औलो बिरामी बढी देखिएका छन् ।

**औलो रोगको लक्षणहरु**

- काम ज्वरो आउने, कलेजोमा असर गरी पेट सुन्निने, खलखली पसिना आउने
- टाउकोमा असर गरेमा मस्तिष्क ज्वरो आउने, रक्तअल्पता हुने

**औलोबाट कसरी बच्ने ?**

- हात-खुट्टा छोप्ने गरी पूरा बाहुला भएको लुगा लगाएर हिंड्ने,शरीरको खुला भागमा किटनाशक मलम लगाउने, घरभित्र, घरबाहिर, आँगनमा बस्दा लामखुट्टे धपाउन धूप बाल्ने, सुत्ने बेलामा झुलको प्रयोग गर्ने, घर, गाउँ समुदाय सफा राखी लामखुट्टे हुर्किन नदिने, घरवरिपरि पानी जम्ने खाडल पुर्ने

## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method)

अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय**
**कालिकोट**

# खाडाका अग्नीपीडितलाई घर बनाउन एक करोड ६० लाख

**मिसन न्यूज**

**कालिकोट -** कर्णाली प्रदेश सरकारले कालिकोटको खाडाका अग्नी पीडितहरूको घर निर्माणका लागि विनियोजन गरेको एक करोड ६० लाख रुपैयाँ गाउँपालिकालाई हस्तान्त्रण गरेको छ। कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री नरेश भण्डारीले बुधबार कालिकोटमा आयोजित कार्यक्रममा पलाँता गाउँपालिकाका अध्यक्ष लक्ष्मणबहादुर बम र निमित्त प्रमुख प्रशासकीय अधिकृत राजबहादुर बमलाई एक करोड ६० लाखको चेक हस्तान्त्रण गरेका हुन्।
मन्त्री भण्डारीले खाडाका अग्नी पीडितको घर असार मसान्तभित्र निर्माण गर्ने गरी काम अगाडि बढाउन गाउँपालिकालाई निर्देशन दिए। 'असार मसान्तभित्र सबैको घर निर्माण गरी अग्नी पीडितको अनुहारमा मुस्कान ल्याउनुस्', उनले भने । प्रदेश सरकारको निर्णय अनुसार खाडाका अग्नी पीडित ३२ परिवारको घर निर्माणका लागि प्रति परिवार ५ लाखका दरले एक करोड ६० लाख बजेट उपलब्ध भएको छ। गत वर्षको पुस ८ गते भएको आगलागीमा न्यौपानेहरूको थलो खाडाका ३२ घर जलेर नष्ट भएका थिए । त्यस लगत्तै कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले खाडामै पुगेर आग्लागीले जलेर खरानी भएको खाडामा खरमुक्त नमूना बस्ती निर्माण गरिदिने घोषणा गरेका थिए। मन्त्री भण्डारीले समृद्ध कर्णाली प्रदेश निर्माणको अभियानमा अफूहरू रहेको बताए। उनले रोग, भोक, अशिक्षा र गरिबीको चपेटामा परेका कर्णालीवासीलाई समृद्धिको आभास दिलाउने गरी प्रदेश सरकारले काम अगाडि बढाइरहेको बताए। कर्णालीमा रहेको प्राकृतिक श्रोत साधनको अधिकतम सदुपयोग गर्नेगरी नीति निर्माण र बजेटमा केन्द्रित गरिने उनले बताए । कृषि, पर्यटन, जडिबुटी लगायतको संरक्षण र बजारीकरणमा जोड दिने उनले बताए । पलाँता गाउँपालिका अध्यक्ष लक्ष्मणबहादुर बमले तत्काल खाडाको बस्ती पुनर्निर्माणको काम थालनी गर्ने बताए।



अग्नी पीडितको घर निर्माणका लागि राहत रकम गाउँपालिका अध्यक्षलाई हस्तान्त्रण गर्दै मन्त्री भण्डारी।


**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुआैं।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔं।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

प्रमुख प्रशासकीय अधिकृत
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं।**

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# अन्तराष्ट्रिय न्युज

## मदिरा पिउने किशोरकिशोरी घटे

**एजेन्सी**-किशोरावस्थामा नियमित रूपमा मदिरा सेवन गर्ने जर्मनी नागरिकको सङ्ख्या घटेको पाइएको छ। पछिल्लो समयमा सार्वजनिक भएको एक तथ्याङ्क अनुसार नियमित रूपमा मदिरा सेवन गर्ने जर्मनीका १२ देखि १७ वर्षसम्मको उमेर समूहका किशोर किशोरीको सङ्ख्यामा कमी देखिएको हो । जर्मनीको सङ्घीय स्वास्थ्य शिक्षा केन्द्रले सार्वजनिक गरेको सर्वेक्षण विवरण सन्तोषजनक र उल्लेखनीय रहेको अधिकारीहरूले बताएका छन् । सर्वेक्षणले देशका उल्लेखित उमेर समूहका ८ दशमलव ७ प्रतिशतले मात्र अहिले नियमित मदिरा सेवन गर्ने गरेको देखाएको छ । सर्वेक्षणकर्ताहरूले हरेक हप्तामा कम्तीमा एक पटक मदिरा सेवन गर्नेलाई नियमित मदिरा सेवनकर्ताका रूपमा गणना गरिएको जनाएका छन् । नियमित मदिरा सेवन गर्ने सो उमेर समूहको यो तथ्याङ्क ‘ऐतिहासिक रूपमा थोरै’ रहेको अधिकारीहरूले बताएका छन् । यसअघि सन् २००४ मा यही उमेर समूहमा नियमित मदिरा सेवन गर्नेहरूको सङ्ख्या २१ दशमलव २ प्रतिशत रहेको जनाइएको छ। ‘जर्मनीमा



यस अगाडि यस्तो सन्तोषजनक अवस्था कहिल्यै आएको थाहा थिएन,’ सर्वेक्षणमा सहभागी एक सर्वेक्षणकर्ताले भने। उनले सङ्घीय, प्रदेश र स्थानीय सरकारको संयुक्त र जोडदार प्रयासले मदिरा प्रयोगकर्ताहरूको सङ्ख्या घटाउन सफल भएको पनि बताए । युरोपेली मुलुकहरूमा मानिसको स्वास्थ्य बिगार्ने वा रोगी बनाउने र मृत्युको मुख्य कारणमध्ये मदिरा नै तेस्रो मुख्य कारण भएको पाइएको छ । विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ) का अनुसार युरोपेली मुलुकमा मदिराको प्रयोगको मात्रा बाँकी विश्वको औसतको दोब्बर रहेको छ ।

# ज्ञानमाला

१. नेपाल सन् १९८८ देखि १९८९ सम्मको लागि सूरक्षा परिषदको अस्थायी राष्ट्रमा निर्वाचित भएको थियो, भने साधारण सभाको उपाध्यक्षमा कहिले निवा्चित भएको थियो ?
-सन् १९५६

२. संयुक्त राष्ट्रसंघको पहिलो अधिवेशन कहिले र कहाँ भएको थियो ?
-१९४६ जनवरी १०, लण्डन

३. विश्वको नगरसभा भनेर पनि चिनिने संयुक्तराष्ट्र संघको चार्टर कसले तयार गरेका थिए ?
-आर्किवाल्ड म्याकलिक्सव

४. संयुक्तराष्ट्र संघीय शान्ति सेनालाई के भनिन्छ ?
–Blue helmets

५. UNO महासचीवलाई अझ बढी अधिकार दिनुपर्छ भनी प्रस्ताव गर्ने महासचीव को हुन् ?
-उथान्त

६. हालसम्म ग्ल्इ महासभाको अध्यक्ष पदमा ३ जना महिलाले अध्यक्षता ग्रहण गरिसकेका छन् भने UNO महासभाको पहिलो महिला अध्यक्ष को हुन् ?
- विजय लक्ष्मी पण्डित, भारत

७. UNO वडापत्रको कुन धारा २ पटक संशोधन भएको थियो ?
-६१

८. संयुक्तराष्ट्र संघीय विश्वविद्यालय कहाँ रहेको छ ?
-टोकियो, जापान

९. UNO मानव अधिकार पुरस्कारको स्थापना कहिले गरिएको हो ?
-सन् १९६६

१०. UNO का वर्तमान महासचीव वान कि मुनले कहिलेदेखि आफ्नो पद सम्हालेका थिए ?
-सन् २००७ जनवरी १

११. हालसम्मका महासचीव मध्ये दुई कार्यकाल व्यतित नगर्ने महासचीवहरू को-को हुन् ?
-ट्रिग्वेली र वुत्रोस वुत्रोस घाली

१२. संयुक्त राष्ट्र संघको नेपाल कति औं सदस्य राष्ट्र हो ?
-७२ औं

१३. हवाइ दुर्घटनामा परी मूत्यु हुने UNO का महासचीव को हुन् ?
ड्रयाग ह्यामर शोल्ड

१४. संयुक्त राष्ट्र संघको सबैभन्दा ठूलो पदक कुन हो ?
-नान्सेन


रास्कोट नगरपालिकाको सन्देश
घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं ।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।
रास्कोट नगरपालिका कार्यालय
कालिकोट

एक घर एक करेसावारीको स्थापना गरौं ।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥
पचाल झरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, कालिकोट

सम्पुर्णमा हाम्रो अनुरोध
गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।
पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# कालिकोटमा पहिलो पटक टुरिष्ट बस

**विश्नुप्रसाद न्यौपाने**

**कालिकोट** - कालिकोटमा पहिलो पटक टुरिष्ट बस पुगेको छ । स्थानीय व्यापारीले बसको भव्य स्वागत गरेका छन् । विदेशी पर्यटकको आगमन निकै कम हुने कालिकोटमा टुरिष्ट बस पुगेपछि स्थानीय खुसी भएका छन् । राराका कारण जिल्लामा पहिलो पटक २५ जना आन्तरिक पर्यटक पुगेपछि च्याम्मर आफ कमर्स कालिकोटले भव्य स्वागत गरेको हो। नुवाकोटको शीवपुरी गाउँपालिकाको टिम र काठमाडौं ठमेलका पर्यटन व्यवसायीले रिजर्ब गरेर ल्याएको टुरिष्ट गाडी जिल्ला सदरमुकाम मान्मस्थित होटल हिस लाइटमा पुगेपछि च्याम्मर अफ कमर्स कालिकोटका अध्यक्ष हष्तबहादुर बमलगायतका स्थानीय व्यापारीले गाडीमा आएका पाहुनालाई भव्य रुपमा स्वागत गरेका हुन्। च्याम्मर अफ कमर्स कालिकोटका अध्यक्ष बमले काठमाडौंका पर्यटन व्यापारीका आगमनले कर्णालीको पर्यटन विकासमा प्रभाव पार्ने बताए । उनले भने, 'कालिकोट कर्णालीको प्रमुख द्वार हो । गाडीमा आउँदा कालिकोट नटेकेर




पहिलो पटक टुरिष्ट बस चढेर आउने पाहुनालाई स्वागत गर्दै च्याम्मर अफ कमर्स कालिकोट ।

कर्णालीका कुनै जिल्ला जान सक्ने अवस्था छैन् । रारा जाँदा र फर्किंदाको एक बास कालिकोटमा हुने भएकाले कालिकोटमा व्यावसाय फस्टाउने संभावना छ ।' नुवाकोटको शीवपुरी गाउँपालिका अध्यक्ष रामकृष्ण थापाले कर्णाली पर्यटकीय हिसाबले निकै आकर्षक रहेको बताए । उनले कर्णाली घुम्नका लागि राजमार्गको अवस्था निकै डरलाग्दो भएकाले यसलाई स्तोरोन्नति आवश्यक रहेको बताए । गाउँपालिकाको शिक्षा शाखाको अध्ययन तथा अवलोकन भ्रमणमा आएका अध्यक्ष थापाले भने, 'हामी विभिन्न नमुना विद्यालय हेर्दै रारासम्म पुग्ने योजनाका साथ आएका हौं ।' भ्रमण टिमा आएका ठमेल पर्यटन विकास परिषदका सचिव तथा ठमेल इभिजा लाएन्स क्लबका अध्यक्ष दवाङ तामाङले कर्णालीको पर्यटन व्यावसायको प्रवर्द्धनका लागि काठमाडौं र कर्णालीका पर्यटन व्यावसायीको समन्वय आवश्यक रहेको बताए । उनले भने, 'कर्णाली निकै सुन्दर छ । यहाँ धेरै पर्यटकीय स्थल छन्। यहाँको पर्यटन क्षेत्रको विकासका लागि कर्णाली र काठमाडौं जोडिनुपर्छ। कर्णालीको पर्यटन विकासका लागि काठमाडौंका व्यवसायीले पनि लगानी गर्नु आवश्यक छ ।' कालिकोटका होट व्यावसायी धनबहादुर बटालाले राराका कारण कालिकोटको बाटो भएर आउने आन्तरिक पर्यटकको संख्या बढ्दै गएको भएपनि विदेशी पर्यटक निकै कम आउने गरेको बताए । उनले भने, 'विदेशी पर्यटक कहिले काँही मात्र एक दुई जना आउने गरेका छन् । आन्तरिक पर्यटकको संख्या वर्षेनी बढ्दै गएको

**बाँकी ८ पृष्ठमा..**


## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी भिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं। रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**महावै गाउँपालिका**

**गाउँ कार्यपालिकोको कार्यालय**

**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

## पलाँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं।**

**पलाँता गाउँपालिकाको कार्यालय**

**कालिकोट**

मिसन न्यूज | २०७६ वैशाख २५ गते बुधबार | 8 May 2019 Wednesday | अन्तिम पृष्ठ | ८

## रास्कोटमा सामाजिक सुरक्षा .........................

का अमराज सिम्खाडाले भने। मेरा एक छोरा र चार छोरी छन।सरकारले पाँच वर्ष मुनिकालाई पोषण भर्ता दिदै आएको छ। पच वर्षमुनिका मेरा ३ छोरि छन। तिनि पनि अहिले चार महिनाको मात्र भता खाने छन्। त्यसपछि उनीहरुको पनि भत्ता खाने समय सकिँदैछ। पाउने एक हजार ६ सय खाता खोल्न एक हजार लाग्ने र ६ सयको लागि खाता खोल्ने झन्झट हुने भएकाले खाता नखोलेको बताए। सजिलै हात हातमा भत्ता पाएका यहाँका नागरिकले बैंक खाता खोल्न झन्झटिलो हुने गरेको अधिकांशको भनाई छ। कालिकोटका ९ स्थानिय तह मध्य रास्कोट नगरपालिकाले मात्र बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने नियम बनाएको हो। बाँकी आठ वटा स्थानिय तहहरुले समयमै सामाजिक सुरक्षा भत्ता विताण गरिसकेका छन्।

## कालिकोटमा पहिलो पटक...................

छ। कर्णाली जमार्गको स्तोरोन्नती नहुँदा यहाँको पर्यटन तथा होटल व्यवसाय प्रभावित भएको छ। उनले कालिकोटमा पानीको अभावका कारण पनि पर्यटकको बास परिवर्तन हुने अवस्था रहेको बताए। उनले भने, 'खानेपानी आयोजनाले प्रयाप्त पानी नदिँदा पर्यटकको गुनासो आउने गरेको छ।

## घन सब्बल बजाएर..........................

भन्दाबढि प्रथमिकता दिएर पुरा एकजुट भएका छन। जिल्लाका अरु स्थानिय तहमा सडक पुगाएर मोटर गाढि चढ्छन। तर आफुभने थाप्लोमा भारि वोक्न छुटेको छैन त्यहि भएर रकम अपुग भएपनि हाजिरको मथलप नगरि दिनराज काममा जुटेका छौ। सडक गाँउमै पुगायौ भने, हामो सपना पुरा हुनेछ। गाँउ विकट भएपछि अहिलेको स्रोत साधनले गर्दा अव सजिलो भएको छ। बल्ल बल्ल मनले काम गरेको उनि बताउछिन। शुभकालिका गाँउपालिकाले यो वर्षमा भर्ताको सेरिघाटदेखि भर्तागाँउ सम्म सडककोलागि एक करोड रकम विनियोजन गरेको छ। राजधानीबाट


**पचालझरनाको सन्देश**

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं। रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**पचालझरना गाउँपालिका कालिकोट**



**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

**खाँडाचक्र नगरपालिका कालिकोट**



**महावैको अनुरोध**

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।**

**महावै गाउँपालिकाको कार्यालय कालिकोट**



**बेस्ट कर्णाली मिडियाको नौलो धमका**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा कर्णाली प्रदेशबाट सूचिकरण भएको **www. missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक (ख) बर्गमा वर्गिकृत पत्रिका प्रकाशन भईरहेको छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं

हाम्रा विशेषताहरु

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्।
- अनलाईन पत्रिका डिजाइन।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
- वेव तथा अनलाईनका लागि होस्टीग।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
- भिडियो डुकुमेन्ट्रीउत्पादन।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३

इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com



**'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'**

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको ब्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्याउन हुन अनुरोध छ।

सर्म्पक ठेगाना

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com



बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
मिसन न्यूज
Mission News National Weekly राष्ट्रिय साप्ताहिक
www.missionenews.com

**सम्पादक : पवित्र शाही, प्रवन्ध सम्पादक : निर्मला शाही, समाचारदाता : लिलाराज संज्याल, समाचारदाता :दिलिप कुमार शाही, कार्यालय : खाँडाचक्र न.पा.-१ कालिकोट , फोन नं. -** ०८७-४४०२४२,९८४८०४९४५५,९८६८३१५३५३ **,इमेल :** missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com **,मुद्रण: ईश्वर अफ्सेट प्रेस खाँडाचक्र-१, कालिकोट**